# उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
१ नं. प्रदेश, नेपाल

***विषय : आ.व.२०७५/०७६ को लागि दहत्तर बहत्तर शुल्क संकलनको ठेक्का सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना***

**(प्रथम पटक प्रकाशित मिति २०७५/०५/०२)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) को ६ मा व्यवस्था भए बमोजिम यस उर्लाबारी नगरपालिकाको आगामी आ.व. २०७५/०७६ का लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनी वा व्यक्तिहरुले ठेक्का लिन चाहेमा तपशिलको शर्त बन्देजमा रहि गोप्य शिलबन्दी बोलपत्रपत्र उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, उर्लाबारी, मोरङमा दाखिला गर्न हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

| सि. नं. | ठे.नं. | विवरण | न्यूनतम ठेक्का अंक (कर बाहेक) | धरौटि रकम | बोलपत्र फाराम दस्तुर | बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फाराम दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | रा/०२ /०७५/०७६ | उर्लावारी नगरपालिकाका IEE भएका खोलानाला बाट उत्खनन् संकलन गरी बिक्री बितरण हुने ढुंगाा, गिटी, रोडा, ग्रावेल, बालुवा, माटो (भरौटे र बलौटे) आदीको खोला विक्री मूल्य असुली<br><br>खोलाहरु : मावा, बक्राहा, नूनसरी, मिक्लु, सोल्टी र सुनभ्कोडा | २,९१,००,०००।०० | ५% | ३०००।- | २०७५/०५/३१ गते कार्यालय समयसम्म | २०७५/०६/०१ गते १२.०० बजेसम्म | २०७५/०६/०१ गते २.०० बजे |

**शर्तहरु :**

१. उल्लेखित ठेक्का आ.व. २०७५ असोज देखि २०७६ जेठ मसान्त सम्मका लागि लागू हुनेछ ।

२. उल्लेखित आय ठेक्काको बोलपत्र फारम माथी उल्लेखित मिति भित्र तोकिएको दस्तुर (फिर्ता नहुने) तिरी कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

३. वोलपत्र दाताले खामको वाहिरपटटी ठेक्काको विवरण, उर्लावारी नगर कार्यपालिका कार्यालय, मोरङ भनि प्रष्ट बुझिने गरी उल्लेख गर्नु पनेछ ।

४. उल्लेखित दरभाउपत्रहरु फर्मको नाममा खरिद गरिएको भए शिलवन्दी बोलपत्र फारम साथ फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालयबाट प्राप्त म.अ.कर दर्ताको प्रतिलिपि, आ.व. २०७३/२०७४ को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थानीय फर्मको हकमा न.पा.मा दर्ता भएको व्यवशाय कर प्रमाणपत्र नविकरणको प्रतिलिपी समेत संलग्न हुनु पर्नेछ ।

५. दरभाउपत्र फारम खरिद गरेको मिति देखि वोलपत्र खरीद गर्ने अन्तिम मितिको भोलीपल्ट अपरान्ह १२:०० बजे सम्म शिलबन्दी दरभाउपत्र फारम दर्ता गर्न सकिने छ । पर्न आएका शिलवन्दी दरभाउपत्रहरु दरभाउपत्र दर्ता हुने अन्तिम दिनको २:०० बजे कार्यालयका प्रतिनिधी र ठेकेदार वा निजको प्रतिनिधिको रोहवरमा खोलीने छ तर ठेकेदार वा निजको प्रतिनिधी उपस्थित नभएपनि उल्लेखित आय ठेक्काको शिलबन्दी दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन । बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको आय ठेक्का अंकको ५% रकम धरौटी वापत नगदै वा उर्लावारी नगरपालिकाको नाममा रहेको कृषि विकास बैंक उर्लावारीको धरौटी हि.नं. ०६०१७०११५०५९५०२४ मा रकम जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क श्रेणीका बैकबाट यस नगरपालिकाको नाममा जारी गरेको कम्तिमा ९० दिन म्याद भएको बिड बण्ड पेश गर्नु पर्नेछ ।

६. कबोल रकम अंक र अक्षरमा प्रष्ट संग उल्लेख गरेको हुने पर्नेछ । अंक र अक्षरमा फरक पर्ने गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । अंक र अक्षरलाई पुनः लेखन गर्नु पर्ने भएमा काटेको स्थानमा बोलपत्रदाताको आनिवार्य हस्ताक्षर हुनुपर्नेछ ।

७. ठेक्का रकमलाई किस्तामा बुझाउनका लागि पहिलो किस्ता ६०%, र अन्तिम किस्ता ४०% गरी विभाजन गरिनेछ । यसरी किस्ता निर्धारण गरी पहिलो किस्ता सम्झौता गर्दाको बखतमा र अन्तिम किस्ता २०७५ पौष मसान्त भित्र बुझाउनु पर्नेछ । अन्तिम किस्ताको रकमको हकमा २०७६ जेष्ठ मसान्त सम्म अवधी रहेको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

८. ठेकेदारले राखेको धरौटी रकम ठेक्का अवधी समाप्त भए पछी आन्तरीक राजश्व कार्यालयमा कर तिरेको प्रमाण र नगरपालिकाको कार्यालयबाट कर असुलीमा प्रयोग भएको रसिद जाचबुझ भए पछि मात्र फिर्ता दिइनेछ । यसरी रसिद चेक गर्दा तोकिएको दर रेट र दस्तुर बाहेक गैर वस्तु र फरक दररेटमा कर दस्तुर असुल गरेको पाइएमा सो बराबरको रकम धरौटी रकमबाट कट्टा गरी बाकी रकम मात्र फिर्ता दिइनेछ ।

९. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकी दिएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित बाहेकका रसिदबाट कर उठाईएको उजुरी या जानकारी प्राप्त भएमा नियमानुसार कारवाही र उठाएको रकम बराबरको थप रकम जरीवाना गरिनेछ ।

१०. ढुंगा, गिट्टी, मिक्स गिट्टी, बालुवा तथा भरौट माटो आदी निकाल्दा अर्काको घर जग्गा, कुलो, बाँध, बाटो आदी क्षती हुने गरी निकाल्न पाइने छैन । उक्त निर्माण सामाग्री झिक्नु पर्ने स्थलसम्म जान, आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नु पर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नु पर्नेछ । साथै सो खर्च नगरपालिकासंग दाबी गर्न पाइनेछैन । ढुंगा, गिट्टी, मिक्स गिट्टी, बालुवा तथा भरौट माटो आदी निकाल्दा लिन कुनै व्यक्ति निकायको निजी जग्गा भएर जान आउन पर्ने भएमा सम्बन्धित व्यक्ति वा निकायको स्वीकृति ठेकेदारले आफै लिनु पर्नेछ ।

११. नदी नालाको दायाँ बायाँ किनारा ढुंगा, गिट्टी, मिक्स गिट्टी, बालुवा तथा भरौट माटो आदि निकाल्दा भू-क्षय वा बाढी पहिरो जाने किसिमले निकाल्न पाइने छैन ।

१२. पूल, कल्भर्ट, कज-वे, सडक तथा सार्वजनिक निर्माण स्थल आदीबाट तल माथि ५०० मिटर भित्र ढुंगा, गिट्टी, मिक्स गिट्टी, बालुवा तथा भरौट माटो आदि उत्खनन गर्न पाइनेछैन ।

१३. IEE प्रतिवेदन अनुसार जुन-जुन ठाउबाट मेसिन प्रयोग गरी ढुंगा, गिट्टी, मिक्स गिट्टी, बालुवा तथा भरौट माटो उत्खनन गर्न सकिनेछ । सोही स्थानमा मात्र मेसिन प्रयोग गर्न पाइनेछ । साथै IEE प्रतिवेदन अनुसार मेसिन प्रयोग गर्न नपाइने स्थानको हकमा तालुक मन्त्रालयबाट स्थान तोकी मेसिन प्रयोग गर्न स्वीकृति प्रदान भएमा सोही बमोजिम हुनेछ ।

१४. IEE प्रतिवेदन बमोजिम नगरपालिकाले जुन-जुन खोला नालाको जुन स्थानलाई घाटगद्दीको रुपमा सिमाना तय गरेको छ सो स्थानबाट उत्खनन गर्न सक्ने बस्तु उत्खखन गर्दा लाग्ने लागत स्वयंम ठेकेदारले नै बहन गर्नु पर्नेछ ।

१५. ढुंगा, गिट्टी, मिक्स गिट्टी, बालुवा तथा भरौट माटो आदि उत्खनन गर्दा वन क्षेत्र तथा चुरे क्षेत्रबाट उत्खनन गर्न पाइने छैन ।

१६. श्रमिकद्वारा हातले कुटेको गिट्टी, छानेको बालुवा आदीलाई समेत बिक्री गर्ने प्रयोजनार्थ निष्कासन हुदा बिक्री कर लिन बाधा पर्ने छैन ।

१७. खोलाजन्य वस्तु उत्खनन भएको परिमाणको विवरण प्रत्येक महिना नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

१८. खोला नाला उत्खनन गर्न सकिने परिमाण, निष्कासन गर्न पाइने स्थान IEE प्रतिवेदनको आधारमा बोलपत्र फारम साथ संलग्न अनुसूची बमोजिम हुनेछ ।

१९. तोकिएको स्थानबाट  ढुंगा, गिट्टी, मिक्स गिट्टी, बालुवा तथा भरौट आदी उत्खनन गर्दा बिहान सूर्योदय पश्चात र बेलुका सूर्यास्त सम्म मात्र उत्खनन गर्नु पर्नेछ ।

२०. बन्द, हड्ताल जस्ता मानव सिर्जित कारणबाट सिर्जना हुने अवस्थाको कारण कर छुट वा मिनाहा हुने छैन र कुनै पनि अभाव, प्रभाव र दबाब दिन वा गर्न पाइनेछैन ।

२१. एक फर्म वा कम्पनीको नाममा खरिद गरेको बोलपत्र फर्म अर्को फर्म वा कम्पनीको नामबाट दाखिला गर्न पाइने छैन ।

२२. कुनै शत सहितको बोलपत्र स्वीकार्य हुने छैन र सब-कन्ट्रयाक्टर मार्फत गर्न पाइनेछैन ।

२३. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

२४. यस सम्बन्धमा अन्य जानकारी लिन चाहेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**